# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## १ नं.प्रदेश, नेपाल

## स्थानीय राजपत्र

**खण्ड २** **संख्या १६** **मिति : २०७६।४।१**


## भाग १
## सम्बत २०७६ सालको ऐन नं.१६

सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको आर्थिक बर्ष ०७६/०७७ को लागि स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने र आय संकलनको प्रशासनिक व्यवस्था गर्नको लागि सिद्धिचरण नगरपालिकाको चौथो नगर सभाबाट स्वीकृत सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको आर्थिक ऐन, २०७६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावन :**

सिद्धिचरण कार्यपालिकाको आर्थिक बर्ष ०७६/०७७ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने र आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सिद्धिचरण नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहनेछ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि सिद्धिचरण नगरपालिकाको क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति कर :** नगरपालिका क्षेत्रभित्र अनुसूची (१) मा उल्लेखित दरमा सम्पत्ति कर लगाई अशुल उपर गरिनेछ, तर ८ लाख भन्दा कम सम्पत्ति हुनेलाई वार्षिक न्यूनतम मूल्य रु. १००।- कायम गरी अशुल गरिनेछ ।

**३. घर बहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै सरकारी तथा गैर सरकारी कार्यालय, व्यक्ति वा संघ/संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची- (२) मा उल्लेखित दरमा घर जग्गा बहाल कर लगाई असुल गरिनेछ ।

**४. व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) मा उल्लेखित दरमा व्यवसाय कर लगाई असुल गरिनेछ ।

**५. सवारी साधन कर :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६४ (क) बमोजिम नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको दर्ता, अनुमति र नवीकरण गरे वापत अनुसूची-(४) मा उल्लेखित दरमा सवारी साधन कर लगाई असुल गरिनेछ ।

**६. विज्ञापन कर :** व्यवसायिक प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र विज्ञापनसँग सम्बन्धित होडिङ् बोर्ड लगायतका प्रचार सामाग्री राखे वापत सम्बन्धित फर्म वा कम्पनीबाट अनुसूची (५) बमोजिमको दरमा विज्ञापन कर लगाई असुल गरिनेछ ।

**७. मनोरञ्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जनसँग सम्बन्धित व्यवसायमा अनुसूची (६) मा उल्लेखित दरमा कर लगाई असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

**८. बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत अनुसूची (७) मा उल्लेखित दरमा शुल्क लगाई असुल गरिनेछ ।

**९. पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ् सुविधा उपलव्ध गराए वापत अनुसूची (८) मा उल्लेखित दरमा पार्किङ् शुल्क लागाई असुल गरिनेछ ।

**१०. दर्ता,अनुमति तथा नवीकरण दस्तुर :** नगरपालिकाबाट गरिने विभिन्न दर्ता, अनुमति तथा नवीकरण दस्तुर वापत अनुसूची-(९) मा उल्लेख भए बमोजिमको दस्तुर लगाई असुल गरिनेछ ।

**११. सेवा शुल्क :** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलव्ध गराएको कुनै सेवा वापत अनुसूची-(१०) मा उल्लेखित दरमा सेवा शुल्क लगाई असुल गरिनेछ ।

**१२. बिक्री तथा निकासी शुल्क :** स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) को घ.६ र ६२क. बमोजिम नगरपालिका क्षेत्रभित्रको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री वापत अनुसूची-(११) मा उल्लेख भए बमोजिमको  शुल्क असुल गरिनेछ ।

**१३. जडीबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत अनुसूची     - (१२) मा उल्लेख भए बमोजिमको कर लगाई असुल गरिनेछ ।

**१४. वन पैदावार वापतको आय :** नगर क्षेत्रका सामुदायिक वन उपभोक्ता समितिको स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार विक्री गरी प्राप्त हुने रकमबाट अनुसूची-(१३) मा उल्लेख भए बमोजिमको रकम असुल गरिनेछ ।

**१५. करमा छुट :** सम्पत्ति कर, व्यवसाय नवीकरण, सवारी साधन अनुमतिपत्र नवीकरण अन्य विभिन्न अनुमति पत्रको नवीकरण कर, शुल्क तथा दस्तुर प्रत्येक आर्थिक बर्षको पहिलो चौमासिक अवधिभित्र बुझाएमा जरीवाना बाहेकको रकममा दश प्रतिशत छुट दिई असुल गरिनेछ ।

**१६. जरीवान :** चालु आर्थिक बर्षमा बुझाउनुपर्ने कर, शुल्क तथा दस्तुर चालु आर्थिक बर्षको असार मसान्तभित्र नबुझाएमा अर्को आर्थिक बर्षदेखि प्रत्येक आर्थिक बर्षका लागि दश प्रतिशतका दरले जरीवाना लाग्नेछ ।

**१७. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर, शुल्क तथा दस्तुर संकलन सम्वन्धी कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१८. सदर मानिने:** यो ऐन जारी हुनुअघि  सिद्धिचरण नगरपालिकाको आर्थिक ऐन,२०७५ बमोजिम लिइएको कर, शुल्क तथा दस्तुर यसै ऐन बमोजिम लिएको मानिनेछ ।

## अनुसूची -१
**(ऐनको दफा २ सँग सम्वन्धित)**

**सम्पत्ति करको दर:**

क. प्रत्येक व्यक्तिको जग्गा लगायतका सम्पत्तिमा ०.०१२५ प्रतिशतको दरले वार्षिक एक मुष्ट कर असुल उपर गरिनेछ ।

ख. प्रत्येक व्याक्तिको नाममा रहेको संरचना तर्फको सम्पत्तिमा देहायनुसारको दरमा कर लगाई असुल गरिनेछ ।

**संरचना तर्फ:**

| सि.न | संरचनाको विवरण | दर |
|---|---|---|
| १ | मतान, कटेरो खरको छाना वा जस्ताको छाना प्रति गोटा | रु.१०।- (दश) |
| २ | एक तले खरको छाना भएको घर प्रति गोटा | रु.१००।- (एक सय) |
| ३ | भुकम्प प्रतिरोधात्मक ढुंगा माटोले बनेका घर | रु.१२५।- (एक सय पचीस) |
| ४ | दुई तले खर, ढुंगा, जस्ताको छाना भएको घर | रु.१५०।- (एक सय पचास) |
| ५ | तीन तले खर, ढुंगा, जस्ताको छाना भएको घर | रु.२००।- (दुई सय) |
| ६ | आर.सी.सी.घर प्रति स्क्वायर फिट | रु.०.५०।- (पचास पैसा) |

**अनुसूची -२**

**(ऐनको दफा (३) सँग सम्वन्धित)**

## नगरपालिकाबाट लिईने घर बहाल करको दर:

| | | |
|---|---|---|
| **बहाल कर (पटके)** | नगरपालिका क्षेत्रभित्रको घर,पसल,ग्यारेज,गोदाम,टहरा,शेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको<br>❖ कार्यालय प्रयोजनको लागि बहालमा लिएकोमा<br>❖ अन्य प्रयोजनको लागि लिएकोमा | १०%<br>३% |
| | नगरपालिका क्षेत्रमा निर्माण,रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल राख्न दिए वापत प्रति वर्गफूट मासिक बहाल विटौरी कर | ३।- |

**अनुसूची-३**

**(ऐनको दफा (४) सँग सम्वन्धित)**

## नगरपालिकाबाट लिईने व्यवसाय करको दर बार्षिक दर :

| | | |
|---|---|---|
| **व्यवसाय कर (वार्षिक)** | भिडियो,क्यासेट रिकार्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापारमा | २०००।- |
| | ज्वेलेरी (सुन चाँदी ) पसल कारोबारको आधारमा | रु.२००० देखि ४००० सम्म |
| | पेट्रोल पम्प | ५०००।- |
| | मोबाईलको सेट विक्रेता तथा मोबाईल रिपेयरिङ् सेन्टर | १००० ।- |
| | कटाई सिलाई प्रशिक्षण केन्द्र | १००० ।- |
| | कटाई सिलाई (टेलरिङ्) सेन्टर<br>❖ ३ वटासम्म मेशिन राख्ने सेन्टरलाई<br>❖ ३ वटाभन्दा बढी मेशिन राख्ने सेन्टरलाई | <br>५००।-<br>१०००।- |
| | पुस्तक विक्रेता तथा स्टेशनरी पसल | २०००।- |
| | छापाखाना | २०००।- |
| | फोटो स्टुडियो | १००० ।- |
| | कम्प्यूटर,विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो जस्ता व्यापारमा | १००० ।- |
| | दैनिक उपभोगका खाद्य तथा अन्य किराना सामानको पसल आकार र कारोवारको आधारमा (सानो)<br>दैनिक उपभोगका खाद्य तथा अन्य किराना सामानको पसल आकार र कारोवारको आधारमा (ठूलो) | ५०० देखि १००० सम्म<br>१५०० ।- |
| | थान तथा रेडिमेड कपडाको पसल आकार र कारोवारको आधारमा (सानो)<br>थान तथा रेडिमेड कपडा पसल आकार र कारोवारको आधारमा (ठुलो) | ७०० देखि १२०० सम्म<br>२०००।- |
| | कस्मेटिक, फेन्सी पसल आकार र कारोवारको आधारम (सानो)<br>कस्मेटिक, फेन्सी पसल आकार र कारोवारको आधारमा (ठुलो) | ५००।-<br>१२००।- |
| | कस्मेटिक, फेन्सी पसल र व्यूटी पार्लर सहित | १००० ।- |
| | हेयर कटिङ् सैलुन प्रति पटक एकजनालाई मात्र सेवा दिने<br>हेयर कटिङ् सैलुन प्रति पटक एकजना भन्दा बढीलाई सेवा दिने | ४००।-<br>१०००।- |
| | सवारी साधन विक्रेता (बाईसाईकिल र मोटरसाइकिल बाहेक) | ३०००।- |
| | बाईसाइकिल विक्रेता | १००० ।- |
| | मोटरसाइकिल विक्रेता | २०००।- |
| | रेडीयो ,टि.भि.,घडी,प्रेशर कुकर ,हिटर, विद्युत सामाग्री मर्मत केन्द्र | १०००।- |
| | मोटर पार्टसको विक्रेता | १५००।- |
| | मासु विक्रेता (फ्रेस हाउस) | १०००।- |
| | फलफूलको बिरुवा विक्रेता | ५००।- |
| | फलफूल विक्रेता | ७००।- |
| | पूल हाउस | १०००।- |

| | | |
|---|---|---|
| | सिसा, प्लाइवुड विक्रेता | १५००।- |
| | भाडाँकुडा विक्रेता | १००० ।- |
| | स्टिल फर्निचर विक्रेता | १००० ।- |
| | काठ फर्निचर विक्रेता | १००० ।- |
| | हार्डवेयर पसल बजारक्षेत्र | ५०००।- |
| | हार्डवेयर पसल ग्रामिण क्षेत्र | २०००।- |
| | खेलौना,उपहार,(गिफ्ट) विक्रेता | १०००।- |
| | कपास विक्रेता वा कपासद्धारा निर्मित सामानका उत्पादक (धुनिया) | २०००।- |
| | कपास कात्ने, कपडा धुने, पान बेच्ने, माटोको भाँडा बेच्ने पसल | १०००।- |
| | लत्ता कपडा, फलाम, सिमेन्ट,कर्कटपाता, तामा, सुनचाँदीका गहना, तथा पित्तलबाट तयार हुने भाँडकुँडाबेच्ने पसल<br>रङ्गरोगन, कलात्मक मूर्तिको सामान र बिजुलीको सामान बेच्ने पसल | २०००।-<br>१०००।- |
| | मसलन्दको सामान, पेट्रोल, मोबिल, आयल, आइसक्रिम,जुत्ता, फर्निचर, फर्निसिङ् , मेशिनको पार्टपूर्जा, तयारी पोशाक, आदि मालसामान बेच्ने पसल | २०००।- |
| | टेलिभिजन, फ्रिज, मोबाइल सेट तथा अन्य इलेक्ट्रोनिक सामान बेच्ने पसल | २०००।- |
| | इजाजत प्राप्त गरी बिर्को खोली मदिरा विक्री गर्ने पसल | १५००।- |
| | सिमेन्ट, टायल, सिमेन्ट ब्लक, ह्यूम पाईप, सिमेन्ट, पोल लगायत सिमेन्टबाट तयार हुने सामानको प्रति पसल | ५०००।- |
| | स्वदेशी वा विदेशी डिष्टिलरी वा ब्रुअरीबाट उत्पादित बोतलबन्दी मदिरा, बिक्रेता | ३०००।- |
| | स्वदेशी वा विदेशी उत्पादनका चुरोटको डिलर | ८०००।- |
| | चिया, मिठाई पसल वा भोजनालय | ५००।- |
| | नेपाल सरकारको स्वीकृति लिई स्थापना भएको स्वदेशी वा विदेशी मदीराको डिलर | ८०००।- |
| | ज्यासल खोली व्यापार गर्नेलाई | ५००।- |
| | पाँचतारे होटेल | ३००००।- |
| | चर तारे होटेल | २०,०००।- |
| | तीनतारे होटेल | १५०००।- |
| | दुई र एकतारे होटेल | ५०००।- |
| | तारे बाहेकका अन्य होटल लज तथा गेष्ट हाउस (४ वटासम्म कोठाहरु भएको) | १२००।- |
| | तारे बाहेकका अन्य होटल लज तथा गेष्ट हाउस (४ वटादेखि ८ वटासम्म कोठाहरु भएको) | २०००।- |
| | तारे बाहेकका अन्य होटल लज तथा गेष्ट हाउस (८ वटाभन्दा बढी कोठाहरु भएको) | ३०००।- |
| | सामान्य होटलहरु | ५०० देखि १२०० सम्म |
| | व्यवसायिक व्यायामशाला, ज्योतिष, शिक्षण संस्था कम्प्यूटर इन्स्टिच्यूट, मनिचेन्जर, फर्निचर, पशु चिकित्सा सेवा | १०००।- |
| | दुग्ध व्यवसायी चिज उद्योग | ५००।- |
| | व्यवसायिक तालीम केन्द्र | १०००।- |
| | माईक्रो हाईड्रो प्रति कि.वा. | २००।- |
| | घरेलु तथा साना उद्योग | ५००।- |
| | मझौला उद्योग | ८००।- |
| | ठूला उद्योग | ३०००।- |
| | व्यवसायिक सञ्चार (फोन, फ्याक्स, साइवर) सेवा | १०००।- |
| | मिलको प्रति अश्वशक्ति | ३५।- |
| | माथिको वर्गीकरणमा नपरेका अन्य व्यवसायमा कारोवार हेरी | ५०० देखि ५००० सम्म |

| | | |
|---|---|---|
| | **विशेषज्ञ परामर्श तथा व्यावसायिक सेवा (बार्षिक)** | |
| | चिकित्सा सेवा | ३०००।- |
| | आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची र प्राकृतिक चिकित्साजन्य व्यवसायिक सेवा | २०००।- |
| | इञ्जनियरिङ् व्यवसायिक सेवा (कन्सल्टेन्ट) | ४०००।- |
| | कानुन व्यवसायी | २०००।- |
| | लेखापरीक्षक व्यवसायिक सेवा | २०००।- |
| | दन्त चिकित्सक व्यवसायिक सेवा | २०००।- |
| | अनुसन्धानकर्ता तथा परामर्शदाता | २०००।- |
| | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | २०००।- |
| | सर्भेयर | १५००।- |
| | अनुवादक | १०००।- |
| | पशु चिकित्सक | १०००।- |
| | शेयर दलाल | २०००।- |
| | सामान ढुवानीकर्ता तथा कम्पनी | १५००।- |
| | संस्थागत पेन्टर | ५०००।- |
| | व्यक्तिगत पेन्टर | १०००।- |
| | **निर्माण व्यवसायी (बार्षिक)** | |
| | नगरपालिकामा प्रधान कार्यालय भएका "घ" वर्गका निर्माण व्यवसायी कार्यालय | ५०००।- |
| **उत्पादनमूलक उद्योग:(बार्षिक)** | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल समान उत्पादन गर्ने उद्योग व्यवसायमा | २०००।- |
| **उर्जामूलक उद्योग:(बार्षिक)** | जलस्रोत,वायु,सौर्यशक्ति,कोइला,प्राकृतिक तेल,ग्याँस,बायोग्याँस तथा अन्य स्रोतहरुवाट ऊर्जा पैदा गर्ने उद्योग व्यवसायमा | २०००।- |
| | सोलार विक्रेता | २०००।- |
| | मूलतः कृषि वा वन पैदावारमा आधिरित उद्योग व्यवसाय | ३०००।- |
| **खनिज उद्योग: (बार्षिक)** | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १५००।- |
| **पर्यटन उद्योग: (बार्षिक)** | पर्यटन, आवास, ट्राभल एजेन्सी, स्कीइङ्, ग्लाईडिङ्, वाटर र्‍याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर, व्यालुनिङ्, प्यारा सेलिङ्, गल्फकोर्ष, पोलो, अश्वारोहण, आदि जस्ता उद्योग व्यवसायमा । | ५०००।- |
| **होटल तथा रेष्टुँरा (बार्षिक)** | मोटेल | ३५००।- |
| | खाजाघरहरु | १२००।- |
| | रेष्टुराँ | २०००।- |
| | रिसोर्ट | ४०००।- |
| **सेवा उद्योग: (बार्षिक)** | परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय | २०००।- |
| **निर्माण उद्योग: (बार्षिक)** | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ् बृज तथा औधोगिक व्यपारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चलान गर्ने उद्योग व्यवसायमा | २०००।- |
| **सञ्चार सेवा: (बार्षिक)** | निजी क्षेत्रको हुलाक सेवा ( कुरियर सेवा) | ५०० |
| | निजी क्षेत्रबाट इन्टरनेट सेवा प्रदायक संस्थाहरु | ३०००।- |
| **वित्तिय सेवा: (बार्षिक)** | नेपाल सरकारको पूर्ण स्वामित्व वाहेकका आर्थिक कारोवार गर्ने | |
| | "क" वर्गको वैंक | २०,०००।- |
| | "ख" वर्गको वैंक | १५,०००।- |
| | "ग" वर्गको वैंक तथा वित्तिय संस्था | १०,०००।- |
| | "घ" वर्गको वैंक तथा वित्तिय संस्था | ६,०००।- |

| | | |
|---|---|---|
| | बीमा कम्पनी | ५,०००।- |
| | विदेशी मुद्रा सटही | ५,०००।- |
| | धितोपत्र कारोवार | ५,०००।- |
| | सहकारी तथा लघुवित्त संस्थाहरु | ४,०००।- |
| | गैर सरकारी अस्पताल | ७०००।- |
| **स्वास्थ्य सेवाः (बार्षिक)** | नर्सिङ्ग होम | ५०००।- |
| | क्लिनिक तथा ल्याब | ४०००।- |
| | डेन्टल केयर सेन्टर | ३०००।- |
| | औषधि बिक्रेता फार्मेसी | २५००।- |
| **शिक्षा सेवाः (बार्षिक)** | जिल्ला सदरमुकाममा सञ्चालित संस्थागत विद्यालयहरु | ५०००।- |
| | जिल्ला सदरमुकाम बाहिर सञ्चालन भएका संस्थागत विद्यालयहरु | १०००।- |
| | तालीम तथा अनुसन्धान केन्द्र | १५००।- |
| | टाईपिङ्ग, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था | १५००।- |
| | ल्याङ्ग्वेज तथा ट्यूशन सेन्टर | २०००।- |
| **मर्मत संभार सेवा (बार्षिक)** | हेभि इक्विपमेन्ट, बस,ट्रक,ट्र्याक्टर, ट्रिपर मर्मत केन्द्र<br>जीप, टेम्पो, मोटरसाइकल आदिको मर्मत केन्द्र | ४०००।-<br>१५००।- |
| **अन्य व्यवसायः (बार्षिक)** | विज्ञापन एजेन्सी | २०००।- |
| | वैदेशिक रोजगार सेवा | ५०००।- |
| | स्वदेशी रोजगार सेवा | १५००।- |
| | सेक्रेटेरियल सेवा | १५००।- |
| | हाउजिङ् तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | १००००।- |
| | साइनवोर्ड वनाउने, पेन्टिङ्ग सेवा | १०००।- |
| | साइनर्वोड फ्लेक्स प्रिन्ट सेवा | २०००।- |
| | केवुल,नेटवोर्किङ्ग | ४०००।- |
| | पार्क, पिकनिक स्पट | १०००।- |
| | टुर अपरेटर | ३५००।- |
| | मसाज पार्लर | १५००।- |
| | दैनिक उपभोगका खाद्य पदार्थ बेच्ने पसल कारोवारको मात्रा हेरी | ५०० देखि १५०० सम्म |

उल्लेखित व्यवसायहरु शुरु दर्ता गरिंदा बार्षिक व्यवसाय कर बराबरको दरमा दर्ता शुल्क लिइनेछ ।

**अनुसूची-४**
**(ऐनको दफा ५ सँग सम्वन्धित)**
**सवारी साधन कर**

## टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको दर्ता, अनुमति र नवीकरण

| | |
|---|---|
| टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको दर्ता | २०००।- |
| टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको रुट अनुमति | १५००।- |
| टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको अनुमति पत्र नवीकरण | १५००।- |
| कार्यालयको ट्रिपर भाडा-<br>• फोहर ढुवानी प्रयोजन प्रति कि.मि.<br>• फोहर संकलन तथा ढुवानी प्रयोजन २ जना जनशक्ति सहित प्रति घण्टा | २००।-<br>३००।- |
| कार्यालयको व्याक होई लोडरको दैनिक भाडादर-<br>• मेशिन भाडामा लैजादा मेशिन स्टार्ट भएको समयबाटै प्रति घण्टा (इन्धन वाहेक)<br>• चालक भत्ता मेशिन स्टार्ट भएको समयबाटै प्रति घण्टा<br>• चालक सहयोगी मेशिन स्टार्ट भएको समयबाटै प्रति घण्टा | १५००।-<br>१२०।-<br>८०।- |
| कार्यालयको रोलरको दैनिक भाडादर (अपरेटर सहित इन्धन बाहेक ) | ८,०००।- |

- ❖ रोलरले काम गरेको ८(आठ) घण्टा बराबर १ (एक) दिन गणना हुने ।
- ❖ रोलर अपरेटरको तलब बाहेकको अन्य सुविधा भाडामा लिने पक्षले व्यहोर्ने ।
- ❖ रोलर भाडा प्रयोजनको लागि दिनको गणना गर्दा मेशिन लगेको दिनबाट ल्याएको दिनको अवधिलाई गणना गरिने ।
- ❖ रोलर मेशिन लाने र ल्याउने दायित्व भाडामा लिने पक्षको हुने ।
- ❖ जुन अवस्थामा रोलर बुझेको छ बुझाउन ल्याउँदा सोही अवस्थामा भएको हुनुपर्ने ।
- ❖ व्याक होई लोडर लैजाने क्रममा जुन स्थानबाट मेशिन स्टार्ट गरी लगेको हो सोही स्थानसम्म ल्याउने दायित्व भाडामा लिने पक्षकै हुने ।

**अनुसूची-५**
**(ऐनको दफा ६ सँग सम्वन्धित)**

## नगरपालिकाले लिने विज्ञापन करको दरः

| | विवरण | प्रति वर्ग फिट दर | |
|---|---|---|---|
| | | पटके | बार्षिक |
| **विज्ञापन कर** | **मादक पदार्थ र सूर्तिजन्य वस्तुहरुकोः**<br>क) होडिङ् बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | २०।- | ५०।- |
| | ख) भित्ते लेखन | २०।- | २५।- |
| | ग) तुल व्यानरमा लेखाई | २०।- | २५।- |
| | **होटल तथा व्यापार व्यवसाय तथा सवारी साधनको प्रवर्द्धन सम्वन्धीः**<br>क) होर्डिङ् बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | १५।- | ४०।- |
| | ख) भित्ते लेखन | १५।- | २०।- |
| | ग) तुल व्यानरमा लेखाई | १५।- | २०।- |
| | **होटल तथा व्यापार व्यसाय तथा सवारी साधनको प्रवर्द्धन सम्वन्धीः**<br>क) होडिङ् बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | १५।- | ३५।- |
| | ख) भित्ते लेखन | १५।- | १५।- |
| | ग) तुल व्यानरमा लेखाई | १५।- | १५।- |

**अनुसूची-६**
**(ऐनको दफा ७ सँग सम्वन्धित)**

## नगरपलिकाले लिने मनोरञ्जन करको दरः

| | | |
|---|---|---|
| **मनोरञ्जन कर (पटके)** | सिनेमाहल,भिडियोहल,साँस्कृतिक प्रदर्शन हल, थिएटर, संगीत, मनोरञ्जन प्रदर्शनस्थल, ऐतिहासिकस्थल, पूरातात्विक स्थल एवम धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकम | २ % |
| | जादु,सर्कस,चटक आदिमा प्रति दिन | २००।- |

ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिईने छैन

**अनुसूची-७**

**(ऐनको दफा ८ सँग सम्वन्धित)**

## नगरपलिकाले लिने वहाल विटौरी शुल्कको दर :

| अस्थायी हाटवजार र घुम्ती पसलः (बार्षिक) | बिवरण | ओखलढुङ्गा हाट | रुम्जाटार हाट | प्रस्तावित दर |
|---|---|---|---|---|
| | राँगा प्रति गोटा | १५०।- | १००।- | |
| | हाँस कुखुरा आदि प्रति गोटा | १० | १०।- | |
| | खसी बोका आदि प्रति गोटा | ५० | ३०।- | |
| | सुँगुर प्रति गोटा (जीउँदो विक्री) | ३० | ३०।- | |
| | मासु विक्रीका लागि काटिएको सुँगुर प्रति गोटा | १०० | ५०।- | |
| | साग सब्जी आलु र फलफूल पसल | २० | २०।- | |
| | अन्य | २० | २०।- | |
| | फेन्सी तथा खुद्रा पसल | ५० | २५।- | |
| | कपडा/भाँडा पसल | १०० | १००।- | |
| | घुम्ती मोबाइल पसल | ५० | ५०।- | |
| | माथीको बर्गीकरणमा नपरेका सेवा व्यवसायको कारोवारको स्तर हेरी | १०० देखि ५०० सम्म | १०० देखि ५०० सम्म | |
| | काठबाट बनेका सामाग्रीहरु | ५० | ५०।- | |
| | माटाका भाँडाहरु | २० | २०।- | |
| | चामल, कोदो, मकै गहुँ फापर आदि | २० | २०।- | |
| | चटपटे पानीपूरी आदि | २० | २०।- | |
| | फेन्सी पसल | १५० | १००।- | |

**अनुसूची-८**

**(ऐनको दफा ९ सँग सम्वन्धित)**

## नगरपलिकाले लिने पार्किङ् शुल्कको दरः

| | | |
|---|---|---|
| **पार्किङ् शुल्क (पटके)** | नगरपालिकाले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ् गरिने बस,मिनिवस,ट्रक, ट्रयाक्टरमा पर्किङ् गर्ने समयको आधारमा प्रति पटक | रु.५० देखि ५०० सम्म |
| | नगरपालिकाले आफूले तोकेको कार पार्किङ् क्षेत्रमा पार्किङ् गरिने कारमा पार्किङ् गर्ने समयको आधारमा प्रति पटक | रु.३० देखि २०० सम्म |
| | उल्लिखित सवारी साधन वाहेक अन्य सवारी साधनहरुका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरुमा पार्किङ् समयको आधारमा प्रति पटक | रु.१० देखि १०० सम्म |

**अनुसूची-९**

**(ऐनको दफा १० सँग सम्वन्धित)**

## क.दर्ता, अनुमति तथा नवीकरण दस्तुरः

| | | |
|---|---|---|
| **दर्ता, अनुमति तथा नवीकरण दस्तुर** | • एक सय वाटसम्मको एफ.एम.रेडियो सञ्चालन अनुमति<br>फ्रिक्वेन्सी मोडुलेसन (एफ.एम.) नवीकरण दस्तुर<br>१०० वाट सम्मको रेडियो यन्त्र राख्न पाउने अनुमति नवीकरण<br>• “घ” वर्गको निर्माण इजाजतपत्र<br>अनुमति नवीकरण दस्तुर<br>• विद्यालय स्थापना अनुमति-<br>सामुदायिक<br>संस्थागत<br>• कक्षा थप अनुमति-<br>सामुदायिक<br>संस्थागत<br>• प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम सञ्चालन अनुमति<br>अनुमति नवीकरण<br>• ट्यूशन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति<br>अनुमति नवीकरण<br>• सहकारी संस्थाको दर्ता तथा अनुमति<br>• लघुवित्त संस्था सञ्चालनको अनुमति<br>• इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति<br>अनुमति नवीकरण<br>• एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास अनुमति प्रति वर्ग फिट रु. | ५,०००।-<br>१५००।-<br>५००।-<br>५०००।-<br>३०००।-<br>२०००।-<br>४०००।-<br>१०००।-<br>२०००।-<br>२०००।-<br>२०००।-<br>२०००।-<br>२०००।-<br>१५००।-<br>३०००।-<br>५०००।-<br>५०००।-<br>२।- |

## ख.भवन निर्माणका लागि अनुमति, नामसारी, नक्सा संशोधन,अभिलेखीकरण र म्याद थप दस्तुरः

### १. भवन ऐन, २०५५ अनुसार क,ख र ग वर्गका भवनहरुको लागिः

| **भवनको किसिम** | **प्रयोजन** | | | |
|---|---|---|---|---|
| | **आवासिय (प्रति व.फि.दर)** | **औधिगिक/व्यापारिक प्रति व.फि.दर)** | **सरकारी प्रति व.फि.दर)** | **संस्थागत प्रति व.फि.दर)** |
| “क” वर्गका भवनहरु | १० | १३ | १५ | १३ |
| “ख” वर्गका भवनहरु | ८ | १० | १३ | ९ |
| “ग” वर्गका भवनहरु | ७ | ९ | १२ | ८ |

### २. भवन ऐन, २०५५ अनुसार घ वर्गका भवनअरुको लागिः

| **भवनको किसिम** | **प्रयोजन** | | | |
|---|---|---|---|---|
| | **आवासिय -प्रति व.फि.दर)** | **औधिगिक/व्यापारिक प्रति व.फि.दर)** | **सरकारी प्रति व.फि.दर)** | **संस्थागत प्रति व.फि.दर)** |
| बजार क्षेत्र | ४ | ५ | ५ | ६ |
| ग्रामीण क्षेत्र | १.५ | २.५ | ३.५ | ४.५ |

**३ विनियम लागु. हुनुअघि निर्माण भईसकेका भवनहरुको यथास्थिति/अभिलेखिकरण नक्सा पास दस्तुर (भवन ऐन २०५५ अनुसार वर्गीकृत भवनहरुको आधारमा)**

| भवनको किसिम | प्रयोजन | | | |
|---|---|---|---|---|
| | आवासिय -प्रति व.फि.दर) | औधिगिक/व्यापारिक प्रति व.फि.दर) | सरकारी प्रति व.फि.दर) | संस्थागत प्रति व.फि.दर) |
| “क” वर्गका भवनहरु | ९ | १० | १३ | १० |
| “ख” वर्गका भवनहरु | ९ | १० | ११ | ९ |
| “ग” वर्गका भवनहरु | ८ | ९ | १० | ८ |
| “घ” वर्गका भवनहरु | ४ | ५ | ५ | ६ |

**४. नामसारी दस्तुरः**

- कच्ची भवन रु. ०.५ प्रति वर्गफिट
- पक्की भवन रु.१.०० प्रति वर्गफिट

**५. नक्सा संशोधन दस्तुरः**

- नक्सा पास भैसकेको भवनको नक्सा संशोधन गर्न पहिले लागेको दस्तुरको ६%

**६. निर्माण कार्यको म्याद थपः**

- नक्सा पास भैसकेको भवनको नक्सा संशोधन गर्न पहिले लागेको दस्तुरको ५%

**७. नक्सा पासको लागि दिइने दरखास्त किताबको मूल्य रु.७००।-**

**८. अभिलेखीकरणको लागि दिइने दरखास्त किताबको मूल्य रु.३००।-**

**९.** पहिलो दुई बर्ष र दोस्रो दुई बर्षका लागि समेत अनुमति लिई सो समयावधिभित्र पनि भवन निर्माण कार्य पूर्ण रुपमा सम्पन्न गर्न नसक्ने, सो अविधिभित्र भवन निर्माण कार्य सम्पन्न गरे तापनि निर्माण कार्य सम्पन्न प्रमाण पत्र लिन बाँकी रहेको घरधनीलाई उल्लेखित अवधि पश्चातः कार्य सम्पन्न प्रमाण पत्र दिनुपर्ने वा भवन निर्माणका लागि पुनः अनुमति दिनुपर्ने अवस्था भएमा देहाय बमोजिम गर्ने-

- पहिलो दुई बर्ष र दोस्रो दुई बर्षका लागि समेत अनुमति लिई भवन निर्माण कार्य पूर्ण रुपमा सम्पन्न नगरी आंशिक रुपमामात्र निर्माण गरेको र निर्माण भएजति भवन स्वीकृत नक्सा र मापदण्ड बमोजिम निर्माण भएको रहेछ भने सो व्यहोरा एकीन गरी आंशिक निर्माण सम्पन्न भएजतिको आंशिक निर्माण कार्य सम्पन्न प्रमाण पत्र दिने र बाँकी निर्माण इजाजतको लागि नयाँ नक्सा पासका लागि तोकिएको दरमा दस्तुर लिई स्वीकृत मापदण्ड बमोजिम थप निर्माण कार्य गर्न अनुमति दिने ।
- अनुमति लिएको पहिलो दुई बर्षभित्रै वा पहिलोको अतिरिक्त दोस्रो दुई बर्षका लागि अनुमति लिई भवन निर्माण कार्य पूर्ण रुपमा सम्पन्न गरेको तर निर्माण कार्य सम्पन्न गरे पश्चातः तत्काल निर्माण कार्य सम्पन्न प्रतिवेदन नलिएको कारण सो अवधिपछि कार्य सम्पन्न प्रमाण पत्र दिनुपर्दा भवन निर्माणको लागि अनुमति पाएको अविधिभित्रै भवन निर्माण कार्य सम्पन्न गरिएको व्यहोराको स्थलगत वडा सरजमिन र सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा शुरु नक्सापास गर्दा लाग्ने दस्तुरको ३% प्रतिशत थप दस्तुर लिई कार्य सम्पन्न प्रतिवेदन दिने ।

**अनुसूची-१०**
**(ऐनको दफा ११ सँग सम्बन्धित)**

## नगरपालिकाले लिने सेवा शुल्कः

| | | |
|---|---|---|
| **सम्पत्ति मूल्यांकन सेवा शुल्क (पटके)** | दशलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रु. | ५००।- |
| | दशलाख एकदेखि पच्चीसलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रु. | १०००।- |
| | पच्चीसलाख एकदेखि पचासलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रु. | २५००।- |
| | पचासलाखदेखि एक करोडसम्मको मूल्यांकनमा प्रति सिफारिस रु. | ५०००।- |
| | एक करोडदेखि माथि प्रति सिफारिस रु. | ७०००।- |
| **दर्ता, प्रमाणिकरण तथा अन्य सिफारिस (पटके)** | उद्योग वा व्यवसाय दर्ताको सिफारिस (जुन प्रकृतिको उद्योग/व्यवसाय दर्ता गर्ने हो सोही प्रकृतिको उद्योग वा व्यवसायले वार्षिक नवीकरण दस्तुर वापत बुझाउने शुल्क बरावरको रकम दर्ता शुल्क लाग्ने ) | |
| | जग्गा नामसारीको सरजमिन तथा प्रमाणिकरण सिफारिस | ५००।- |
| **वार्षिक आय विवरण खुलेको सिफारिस (पटके)** | वार्षिक पाँचलाखसम्मको आय विवरणमा प्रति सिफारिस | ३००।- |
| | वार्षिक एकदेखि दशलाख सम्मको प्रति सिफारिस | ७५०। |
| | दशलाख एकदेखि तीसलाख सम्मको प्रति सिफारिस | १०००।- |
| | तीसलाख एकदेखि पचास लाख सम्मको सिफारिस | २०००। |
| | पचास लाख एकदेखि माथि प्रति लाख | ५०। |
| **चार किल्ला खुलेको सिफारिस (पटके)** | क) विशेष मूल्याङ्कनमा पर्ने कित्ताहरुमा प्रति कित्ता रु.<br>ख) विशेष मूल्यांङ्कनमा नपर्ने कित्ताहरुमा प्रति कित्ता रु. | १५०।-<br>५०।- |
| **जग्गाको अवस्थिति खुलेको सिफारिस** | विशेष मूल्यांकनमा पर्ने जग्गाको प्रति कित्ता | ४००। |
| | विशेष मूल्यांकनमा नपर्ने जग्गाको प्रति कित्ता | ५०। |
| **जग्गा नापजाँच तथा कित्ता काट दस्तुर** | विशेष मूल्यांङ्कनमा पर्ने जग्गाको कित्ताकाट सिफारिस प्रति कित्ता | ४००। |
| | विशेष मूल्यांङ्कनमा नपर्ने जग्गाको कित्ताकाट सिफारिस प्रति कित्ता | ५०। |
| | जग्गा नापजाँच विशेष मूल्यांङ्कनमा पर्ने कित्ताको प्रति कित्ता रु. | ८००। |
| | जग्गा नापजाँच विशेष मूल्यांङ्कनमा नपर्ने कित्ताको प्रति कित्ता रु. | ४००। |
| **अन्य सिफारिस एवम् प्रमाणिकरण (पटके)** | विद्युत मिटर मागको प्रति सिफारिस | ३००। |
| | खानेपानीको धाराजडान सिफारिस | ३००।- |
| | अङ्ग्रेजी भाषामा गरिने प्रति सिफारिस | ५००। |
| | मदिरा विक्रीको लागि इजाजत लिने प्रति सिफारिस | ३००। |
| | नाता प्रमाणित स्थानीय प्रयोजन प्रति प्रमाणित | १००। |
| | नाता प्रमाणित वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति प्रमाणित | ४००। |
| | नाता प्रमाणित वैदेशिक अध्ययन प्रति प्रमाणित | ५००। |
| | नाता प्रमाणित अंग्रेजी भाषामा प्रति प्रमाणित | ७००। |
| | नागरकिता सिफारिस प्रति सिफारिस | १५०। |
| | नागरकिता प्रतिलिपि सिफारिस प्रति सिफारिस | २००।- |
| | नागरिकता सिफारिस सर्जमिन बुझ्नु पर्नेमा प्रति गोटा | ५००। |
| | अंगिकृत नागरिकता सिफारिस प्रति गोटा | ७००। |
| | म्याद नाघि आएका व्यक्तिगत घटना दर्ता जरीवाना प्रति गोटा | व्यक्तिगत घटना दर्ता ऐन बमोजिम |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपि प्रति गोटा | १००। |
| | संस्था दर्ता गर्नको लागि गरिने सिफारिस प्रति गोटा | १०००। |

| | | |
|---|---|---|
| | जीवित प्रमाणिकरण सिफारिस प्रति गोटा | ५००। |
| | पेन्सन नामसारी तथा पारिवारिक विवरण प्रमाणिकरण (वैदेशिक पेन्सनमा) प्रति गोटा | १०००। |
| | विभिन्न समितिको नाममा बैंक खाता खोल्ने र वन्द गर्ने सिफारिस प्रति गोटा | ४००। |
| | अविवाहित प्रमाणिकरणको सिफारिस प्रति गोटा | ५००।- |
| **घर कायम गर्ने सिफारिस (पटके)** | मालपोत कार्यालयले तयार गरेको विशेष मूल्यांकनमा पर्ने क्षेत्रका घरहरु प्रति सिफारिस | ७००।- |
| | मालपोत कार्यालयले तयार गरेको विशेष मूल्यांकनमा नपर्ने क्षेत्रका घरहरु प्रति सिफारिस | १००।- |
| **माथि उल्लेख भए वाहेकका अन्य सिफारिसको प्रकृति हेरी प्रति सिफारिस** | | १०० देखि ५०० सम्म |
| **कार्यालयमा पर्न आउने जुनसुकै व्यहोराको निवेदन दस्तुर वापत** | | १०।- |
| **सभाहल भाडा** | हल मात्र (दैनिक) | २०००।- |
| | प्रोजेक्टर सहित प्रयोग गर्दा (दैनिक) | ३०००।- |
| **प्रोजेक्टर भाडा** | दैनिक रु **(पटके)** | १०००। |

**फोहरमैला व्यवस्थापन वापतको मासिक शुल्कः**

| **क्र.सं.** | **विवरण** | **मासिक शुल्क रु.** |
|---|---|---|
| १. | एक परिवार बस्ने घर साढे दुई तल्ला सम्म | २५० |
| २. | साढे दुई तल्ला भन्दा माथि प्रति तल्ला थप | ५० |
| ३. | कस्मेटिक ,पत्रिका ,लत्ताकपडा, पसल आदि व्यवसाय | १०० |
| ४. | किराना खाद्यान्न, फेन्सि पसल आदि व्यवसाय | १५० |
| ५. | चिया,कफि,केक,तथा वेकरी र साईबर , तरकारी पसल आदि | २०० |
| ६. | फलफुल तथा जुस पसल व्यवसाय | २०० |
| ७. | सैलुन, ब्युटि पार्लर , औषधि पसल | २०० |
| ८. | औषधि पसल ल्याब सहित | ३०० |
| ९. | मासु पसल (फ्रेस हाउस) | ३०० |
| १०. | मासु पसल ब्यबसाय बधशाला सहित सानो | १००० देखि १५०० सम्म |
| ११. | मासु पसल व्यवसाय बधशाला सहित ट्रक वा ट्रयाक्टरबाट प्रति ट्रिप सानो | ३००० |
| १२. | निजी स्कुलहरुको हकमा<br>१. नर्सरी देखि कक्षा ५ सम्म होस्टल नभएको<br>२. नर्सरी देखि कक्षा ५ सम्म होस्टल भएको<br>३. नर्सरी देखि कक्षा ५ सम्म होस्टल नभएको<br>४. नर्सरी देखि कक्षा ५ सम्म होस्टल भएको<br>५. नर्सरी देखि कक्षा १० सम्म होस्टल नभएको<br>६. नर्सरी देखि कक्षा १० सम्म होस्टल भएको<br>७. माध्यामिक १० जोड २ सम्म होस्टल नभएको<br>८. माध्यामिक १० जोड २ सम्म होस्टल भएको | <br>५००<br>१०००<br>५००<br>१०००<br>५००<br>१०००<br>१०००<br>१५०० |
| १३. | बैक, सरकारी स्कुल, क्याम्पस र कार्यालयहरु र विदेशी बसोबास गर्ने घरहरुमा | ५०० देखि १००० सम्म |
| १४. | सिनेमा हलहरु | १५०० देखि ५००० सम्म |
| १५. | उद्योग ,कल कारखानाहरु, कार्पेट,गार्मेन्ट | १००० देखि १०००० सम्म |
| १६. | डिपार्टमेन्टल स्टोर | ३०००० |

| | | |
|---|---|---|
| १८. | पार्टि प्यालेस/भोज आयोजना स्थल प्रति निशान ट्रिपर<br>(एक ट्रिपर भन्दा कम परिमाण भए सोही अनुपातले हिसाब गर्ने) | ७५०० |
| १९. | सुपर स्टोर ( आकार हेरी ) | १००० देखि १०००० सम्म |
| २० | अस्पताल/नर्सिङहोम चिकित्साजन्य हानिकारक फोहोर बाहेक | १००० देखि २००० सम्म |

**पशुपंक्षी सेवाः**

| | |
|---|---|
| १. | पशुपंक्षी पालन कृषक समुह दर्ता शुल्क रु १००० |
| २ | पशुपंक्षी फर्म दर्ता शुल्क : १००० |
| ३ | पशुपंक्षी पालन कृषक समुह नविकरण शुल्क : रु ३००<br>पशुपंक्षी पालन कृषक समुहको प्रमाण पत्र तोकिएको म्याद नाघेर आएमा जरिवाना थप दस्तुर र ३ महिना सम्म रु १००, ६ महिना देखि १ वर्षको रु ३०० र १ वर्ष भन्दा बढी म्याद नागेमा समुहको प्रमाण पत्र खारेज हुनेछ। |
| ४ | पशुपंक्षी फर्म नविकरण रु ५००<br>पशुपंक्षी फार्म प्रमाण पत्र तोकिएको म्याद नाघी आएमा जरिवाना थप दस्तुर ३ महिना सम्म रु १००, ६ महिना देखि १ वर्षको रु ३०० र १ वर्ष भन्दा बढी म्याद नाघेमा फार्म दर्ता प्रमाण पत्र खारेज हुनेछ। |
| ५ | **उपचार सेवाः**<br>गाई भैसी उपचार दर्ता शुल्क - रु १५<br>भेडा बाखा उपचार दर्ता शुल्क - रु १०<br>कुखुरा उपचार दर्ता शुल्क - रु ५<br>कुकुर बिरालो उपचार दर्ता शुल्क - रु १०<br>गोबर परिक्षण शुल्क -रु १५<br>बङ्गुर बन्ध्याकरण -रु ५०<br>बोका बन्ध्याकरण - रु २५ |
| ६ | **पशुपंक्षी पोष्ट मार्टम शुल्क**<br>गाई भैसी : रु १००<br>भेडा बाखा रु १००<br>कुखुरा हाँस रु ५०<br>कुकुर बिरालो रु १००<br>घोडा रु ३०० |

**अनुसूची-११**

**(ऐनको दफा १२ सँग सम्बन्धित)**

**नगरपालिका क्षेत्रभित्रको स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवं माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्रीः**

प्रति क्यू.फिट रु.४।८४

(ठेक्का बन्दोबस्त गरी बिक्री गरिंदा स्वीकृत ठेक्काको दर बमोजिम हुने)

## अनुसूची-१२

### (ऐनको दफा १३ सँग सम्बन्धित )

## जडीबुटी, कवाडी र जीवजन्तु कर:

### क.जडीबुटी-

| वस्तुको नाम | इकाई | परिमाण | दर रु. | |
|---|---|---|---|---|
| ऊन, जगर | के.जि. | १ | ५ | |
| खोटो | के.जि. | १ | ५ | |
| जडीबुटी | के.जि. | १ | ३ | |
| बनकस (खर, बाबियो) लोकता, अल्लो, अमृसो (कूचो) आदि | ट्रक | १ | २००० | परिमाण कम भएमा सोही अनुपातमा कर निर्धारण हुने । |
| | ट्रयाक्टर | १ | १००० | |
| सिसौं, साल, खयर(चट्टा, गोलिया, चिरान) वन कार्यालयको चलानीको आधारमा | ट्रक | १ | २००० | परिमाण कम भएमा सोही अनुपातमा कर निर्धारण हुने । |
| | ट्रयाक्टर | १ | १००० | |

### ख.कवाडी :

| वस्तुको नाम | इकाई | परिमाण | दर रु. | |
|---|---|---|---|---|
| टायर ट्यूब | के.जि. | १ | १ | |
| प्लाष्टिकको पुरानो ड्रम, बोतल | के.जि. | १ | १ | |
| कागजजन्य वस्तु | के.जि. | १ | १ | |

### ग. धातुका पुराना पत्र सामानहरु:

| वस्तुको नाम | इकाई | परिमाण | दर रु. | |
|---|---|---|---|---|
| फलाम | के.जि. | १ | १ | |
| अन्य धातु (पित्तल, तामा आदि) | के.जि. | १ | २.५० | |
| काममा नआउने मेशिनरी औजारहरु | के.जि. | १ | १ | |
| पोलेथिन पाइपका टुक्राहरु | के.जि. | १ | १ | |
| सिसा(लिड) को धुलो वा टुक्रा | के.जि. | १ | ३ | |
| काचको धुलो वा टुक्रा | के.जि. | १ | १ | |
| खाली सिसि ५०० एम.एल.भन्दा माथि | गोटा | १ | ।४० | |
| खाली सिसि ५०० एम.एल.भन्दा तल | गोटा | १ | ।२० | |
| भाडाकुडा, पुराना जस्ता, ग्यालन, जर्किन, गोलटिन, रेडबुल आदिका बट्टाहरु | के.जि. | १ | ।५० | |
| रबरका जुत्ता, चप्पल, झुत्रा कपडा आदि | के.जि. | १ | ।५० | |

### घ.प्रचलित कानूनले निषेध गरे बाहेकका मरेका मारिएका पशुहरुको-

| वस्तुको नाम | इकाई | परिमाण | दर रु. | |
|---|---|---|---|---|
| हाड | के.जि. | १ | ।५० | |
| सिंग | के.जि. | १ | ।५० | |
| खुर | के.जि. | १ | ।५० | |
| छाला (ठूलो) | गोटा | १ | ३० | |
| छाला (सानो) | गोटा | १ | १५ | |

### ङ.व्यापारिक प्रयोजनको लागि निकासी गरिने जीवित पशु:

| पशुको नाम | इकाई | परिमाण | दर रु. | |
|---|---|---|---|---|
| राँगा, भैंसी, गाई, गोरु | गोटा | १ | १०० | |
| खसी, बोका, बंगुर | गोटा | १ | ५० | |

# अनुसूची-१३
## (ऐनको दफा १४ सँग सम्बन्धित)

**वन पैदावार कर :**

नगर क्षेत्रका सामुदायिक वन उपभोक्ता समितिको स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार बिक्री गरी प्राप्त हुने रकमको - १०%